## मानवीय सहायताकर्मीहरुका लागि यौन आचरणका नियमहरु :

मानवीय सहायताकर्मीहरु अनुशासित हुनु पर्दछ । यौन सम्वन्धी खराव व्यवहारका कारणले मानवीय सहायताकर्मीहरुलाई कारवाही हुन सक्छ र उनीहरु निलम्बन पनि हुन सक्छन् । मानवीय सहायताकर्मीहरुले निम्न नियमहरु पालना गर्नुपर्ने हुन्छ :

- यदि उनीहरुको देशमा गैरकानुनी नभएता पनि मानवीय सहायतामा लागेकाहरुले १८ वर्ष उमेर भन्दा मुनिका व्यक्ति सँग कुनै पनि किसिमको यौन सम्वन्ध राख्न पाउने छैनन् । संलग्न व्यक्तिको उमेर थाहा छैन भन्ने बहाना कुनै पनि अवस्थामा मान्य हुने छैन ।

- मानवीय सहायताकर्मीहरुले यौन सम्पर्कका लागि पैसा, जागिर, सामग्री वा सेवाहरु प्रदान गर्न पाउँदैनन् । सहायताका लागि आएको सामग्री र सेवा सुविधाहरु समेत यौन कार्यको लागि साट्न पाइने छैन । मानवीय सहायताकर्मीहरुले यस्ता सेवा सुविधा पाउने प्रलोभन देखाएर र कसम खाएर, कोही पनि व्यक्तिलाई आत्मग्लानी हुने वा यौन शोषण गर्ने कार्य गर्न पाउने छैनन् । यो नियम यौन कर्मीलाई पैसा दिई आफु सँग यौन सम्पर्क गर्न अनुरोध गर्नुमा पनि लागु हुन्छ ।

- मानवीय सहायतामा लागेकाहरु सँग कसले सेवा तथा सामग्रीहरु पाउनेछन् भन्ने कुराको अधिकार हुन्छ । यसले गर्दा उनीहरु सहायता आवश्यक भएका व्यक्तिहरु माझ शक्तिको केन्द्रमा हुन्छन् । यो कारणले मानवीय सहायतामा लागेका संस्थाहरुले आफ्ना कर्मचारीहरुलाई मानवीय सहयोग तथा आपतकालिन अवस्थामा रहेका कसै सँग पनि यौन सम्वन्ध नराख्न कडा निर्देशन दिएका हुन्छन् । नत्र यस्ता गतिविधिहरुले मानवीय सहायता गर्ने कार्यलाई कम इमानदार र अपत्यारिलो बनाउँछ ।

- यदि मानवीय सहायतामा लागेका व्यक्तिलाई आफ्नो संस्था वा कुनै मानवीय सहायतामा लागेका संस्थाको कोही व्यक्तिले मानवीय सहायतामा लागेकाहरुले पालना गर्नुपर्ने यौन दुर्व्यवहार सम्बन्धी नियमहरु पालना नगरेको शंका लागेमा वा थाहा पाएमा, उनीहरुले सो कुराको आफ्नो संस्थाले बनाएको प्रकृया अनुरुप जानकारी गराउनै पर्छ ।

- मानवीय सहायतामा लागेका व्यक्तिहरुले यस्तो काम गर्ने वातावरणको श्रृजना गर्नु पर्छ जसले अमान्य यौन व्यवहार रोक्छ र आफ्नो नियम अन्तर्गत आफ्ना कर्मचारीहरुलाई यौन व्यवहार नगर्न प्रेरित गर्छ । सबै प्रबन्धकहरु यस्ता संरचनाको निर्माण गर्न र सो को निरन्तरता राख्न जिम्मेवार हुनुपर्छ ।

**IASC यौन शोषण र दुर्व्यवहार सम्वन्धी सिद्धान्तहरु यहाँ उपलव्ध छन् :**
http://www.pseataskforce.org/uploads/tools/sixcoreprinciplesrelatingtosea_iasc_english.doc.

यस सहज भाषाको संस्करण IASC Task Team on Accountability to Affected Populations and Protection from Sexual Exploitation and Abuse तथा Translators without Borders (सिमाना नभएका अनुवादकहरु) को सहकार्यमा तयार गरिएको हो ।